# १०८ औं कार्यपालिका बैठक (मिति २०८१।१२।२८ गते)

ावहरू:

१) नगर कार्यपालिकाका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२) आगामी १६ औं नगरसभामा पेश आ.व. २०८१/०८२ को कार्यक्रम/बजेट संसोधन,रकमान्तर तथा परिमार्जन सम्बन्धमा ।

३) विभिन्न नियमावली कार्यविधि र मापदण्ड सम्बन्धमा।

४) प्रदेश समपुरक/विशेष अनुदानका योजना छनोट सम्बन्धमा।

५) प्रशासनिक भवनको अन्तिम बिल भुक्तानी सम्बन्धमा ।

६) ३ मुखे पुल निर्माणको लागि माग गर्ने सम्बन्धमा ।

७) विविध।

- क) बेरुजु नियमित गर्न सम्बन्धमा ।
- ख) केरा पकेट क्षेत्र घोषणा सम्बन्धमा ।
- ग) त्रिशूली अस्पतालको माग संवोधन सम्बन्धमा।
- घ) सार्वजनिक क्षेत्र सम्वन्धी मापदण्ड तयार गर्ने सम्बन्धमा।
- ङ) जालपा बालुवा खानीको अनुमति सम्बन्धमा।
- च) राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
- छ) मेलमिलापकर्ताको ड्रेस सम्बन्धमा ।
- ज) तरकारी संकलन केन्द्र माग सम्बन्धमा ।
- झ) तरकारी संकलन केन्द्र निर्माण सम्बन्धमा ।

निर्णय नं.१ नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्बन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.२ आ.व. २०८१/०८२ को कार्यक्रम/बजेट निम्नानुसार आयोजना कार्यक्रम संशोधन गर्ने निर्णय गरियो।

| राजश्व शी.नं. | साविकको योजनाको नाम | वडा नं. | रकम रु. | संशोधित योजनाको नाम | रकम |
|---|---|---|---|---|---|
| २५४ | धोविखोला रिमाल डाँडा खानेपानी योजना | विदुर-१ | ४ लाख | रिमाल डाँडा धोविखोल्चा सडक स्तरोन्नती | ४ लाख |
| | | | | | |
| १९२ | राम मन्दिरवाट सरस्वती अधिकारीको घर जाने मोटर बाटो स्तरोन्नती | विदुर - २ | ४ लाख | राम मन्दिरवाट कृष्ण मन्दिर जाने गोरेटो बाटो निर्माण विदुर-२ | ४ लाख |
| ४१४ | नुवाकोट ऐतिहासिक पाटीपानी धाराको पाटी मर्मत | | ५० हजार | नुवाकोटको तीनधाराको पाटी मर्मत | ५० हजार |
| | | | | | |
| ४२३ | सिपमूलक तालिम | विदुर - ३ | ३ लाख ५० हजार | प्लानस्टार सानो संसार स्किल डेभलपमेन्ट संस्था संगको साझेदारीमा साबुन बनाउने तालिम | ८६२५० |
| | | | | चण्डी आधारभूत विद्यालय मैरीटार खानेपानी योजना | १ लाख |
| | | | | बुधसिंघाट कालोमाटो सिंचाइ | ५० हजार |
| | | | | जुडीखोला अमारे खेत कुलो निर्माण | ५० हजार |
| | | | | आलमडाँडा दलितवस्ती पहिरो रोकथाम | ६३७५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ४५६ | ज्येष्ठ नागरिक विश्राम स्थलबाट हावाघर जाने बाटो स्तरोन्नती | विदुर-४ | ५ लाख | अर्किड मार्ग मूनी बाटो स्तरोन्नती | ५ लाख |
| ४५८ | विदुर नयाँ सडकको लागि वाल निर्माण | | २ लाख | भिमसेन स्कूल मूनी कुवा जाने बाटो संरक्षणको लागि वाल निर्माण | २ लाख |
| ४६७ | बालुवाटार अधुरो स्ल्याप निर्माण | | २ लाख | हावाघर अगाडिको भित्री बाटो ढलान | २ लाख |
| | | | | | |
| १६१ | न्यौपाने टोल हुँदै भट्टगाउँ जाने सडक कालो पत्रे | विदुर-५ | ५ लाख | न्यौपाने टोल हुँदै भट्टगाउँ जाने सडक ढलान | ५ लाख |
| ४७६ | जन्मदर्ता ३५ दिनभित्र गर्ने बालबालिकाहरुको खातामा रु.५००० का दरले रकम सहयोग | | ३ लाख | वडाको विविध खर्च | १ लाख ५० हजार |
| | | | | जन्मदर्ता ३५ दिनभित्र गर्ने बालबालिकाहरुको खातामा रु.५००० का दरले रकम सहयोग | १ लाख ५० हजार |
| ४८७ | हकुवा फाँट सिंचाई योजना | | ४ लाख | हकुवा फाँट जाने मोटर बाटो ढलान | ४ लाख |
| ४९३ | देवीघाट शिव मन्दिर बाटो मर्मत | | ३ लाख | देवीघाट भित्री बाटो ढलान | ३ लाख |
| | | | | | |
| १८८ | महारानीडिही चण्डिपोखरी चौतारा सडक ढलान निर्माण कार्य योजना | विदुर-६ | ५ लाख | विदुर न.पा.वडा नं.६ को ढाडखोर कुलो निर्माण योजना | ५ लाख |
| ३१५ | बाह्मुरे मरणघाट चौतारा निर्माण तथा प्रतिक्षालय निर्माण | | ४ लाख | बाह्मुरे मरणघाट जाने बाटो ढलान चौतारा निर्माण | ४ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | योजना | | | योजना | |
| | | | | | |
| १८२-१८३ | भैंसे पुलदेखि अक्करेसम्म सडक कालोपत्रे | विदुर-७ | १८ लाख | चण्डेश्वरी स्कूलदेखि अँधेरीखोला सडक खण्ड कालोपत्रे | १८ लाख |
| | | | | | |
| १६९ | पानीटयाङ्कीबाट सुनाखेती जाने गोरेटो बाटो निर्माण | विदुर-८ | ४ लाख | खिन्चेत टोल नाली तथा सडक मर्मत योजना निर्माण | ४ लाख |
| १९८ | विदुर १३ बाट विदुर ८ जोड्ने घट्टेकुलो निर्माण | | ३ लाख | विदुर १३ बाट विदुर ८ जोड्ने घट्टेकुलो सिंचाइ निर्माण विदुर-८ | ३ लाख |
| २११ | हात्तिगौडाबाट वडा कार्यालय जोड्ने सिंढी बाटो योजना | | ४ लाख | हातिगौडा सार्वजनिक शौचालय मर्मत | ४ लाख |
| २८२ | भैरमकोट स्थित गैराथोक अधुरो भवन निर्माण | | ५ लाख | गैराथोक अधुरो सामुदायिक भवनको वाल संरक्षण निर्माण | ५ लाख |
| | | | | | |
| १२६-१२७ | कृष्ण मन्दिर देखि कुटिको चौतारा सडक निर्माण । | विदुर-९ | ९ लाख | कृष्ण मन्दिर देखि कुटिको चौतारा हुँदै गणेश वस्नेतको घर जोड्ने सडक स्तरोन्नती | ९ लाख |
| ५५६ | योग शिविर तथा सामग्री पत्रपत्रिका | | १ लाख | सडक वत्ति, खानेपानी तथा सिंचाइ पाइप | १ लाख |
| ५५७ | विपद व्यवस्थापन | | १ लाख ५० | बेतिनी खोला, मिजार खा.पा.योजना | १ लाख ५० हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हजार | रानाथोक | |
| ५५८ | महिला सशक्तिकरण तालिम | | १ लाख | पञ्चेबाजा तालिम तथा सशक्तिकरण | १ लाख |
| | | | | | |
| १३३ | खादा गैरी नयाँगाउँ सिंढी बाटो निर्माण | विदुर १० | ५ लाख | खादा गैरी नयाँगाउँ मोटरबाटो | ५ लाख |
| ५९६ | बाझोजग्गा उपयोग सामुहिक खेती दुई समूह | | २ लाख | विदुर १० पञ्चेबाजा समूह | २ लाख |
| | | | | | |
| ६१७ | भ्रमण वडा जनप्रतिनिधि ज्येष्ठ नागरिक तथा सरोकारवालाहरुको लागि | विदुर-११ | १ लाख | विविध सिंचाइ योजना | १ लाख |
| | | | ५० हजार | विविध फर्निचर | ५० हजार |
| ६१८ | महिला सशक्तिकरण कार्यक्रम | | १ लाख | विविध पूर्वाधार निर्माण | १ लाख |
| ६२२ | विविध खेलकुद कार्यक्रम | | १ लाख | विविध मठ मन्दिर जात्रा तथा बुद्ध जयन्ती कार्यक्रम | १ लाख |
| ६३२ | खानेपानी पाइप खरिद तथा मर्मत | | २ लाख | विविध खानेपानी पाइप खरिद तथा मर्मत | २ लाख |
| ६४४ | वडा कार्यालय कम्पाउण्ड रेलिङ ग्रिल जाली निर्माण | | १ लाख | विविध वडाको कार्यालय कम्पाउण्ड निर्माण | १ लाख |
| १७४ | बुढीचौतारोदेखि ढाडे सम्मको मोटर बाटो निर्माण | | ३ लाख | बुढीचौतारोदेखि ढाडे सम्मको छिंडी गोरेटो बाटो ढलान | ३ लाख |
| | | | | | |
| ६५१ | विविध खेलकुद/विपद व्यवस्थापन तथा | विदुर-१२ | १ लाख ५० | महिला स्वयंम सेविका कार्यक्रम | ७५ हजार |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिला स्वयंम सेविका कार्यक्रम | | हजार | वडा कार्यालयको लागि AC जडान सामान खरिद | ७५ हजार |
| | | | | जम्मा | १५०००० |
| | | | | | |
| १५९ | तिनधारे सातदोवाटो मोटर बाटो स्तरोन्नती | | ३ लाख | कैलाशपुर सामुदायिक भवन निर्माण | १२ लाख |
| २२३ | तिनधारे भाल्चे पानी सिंचाइ कुलो निर्माण तल्लो कठेरी | | ४ लाख | | |
| ६५९ | अक्कर बोट खा.पा.मर्मत र माझ कठेरी छिडी बाटो | | ५ लाख | | |
| ६६६ | रोजगार सिर्जना प्रधानमन्त्री रोजगार साझेदार | | १ लाख | उन्नत जातको बोका खरिद गरी किसानलाई हस्तान्तरण | १ लाख |
| | | | | | |
| २२५ | दाहिने खोला सिंचाई माथिल्लो मुहान तल्लो हर्कपुर योजना | विदुर-१३ | ३ लाख | श्री सुन्दरादेवी आ.वि.भवनको झ्यालमा ग्रिल राख्ने, भर्याङ छोप्ने, सिलिङमा पुटिङ भर्ने र रंग रोगन र फिनिसिङ कार्य | ३ लाख |
| ६८२ | कल्याणपुर चारघरे देखि तलाथेन मरणघाट जाने सिंढी बाटो निर्माण | | ५ लाख | कल्याणपुर चारघरे देखि तलाथेन मरणघाट जाने सिंढी बाटो तथा वाल निर्माण | ५ लाख |

निर्णय नं.३ चालु आर्थिक वर्षका श्रावण महिनादेखि चैत्र महिनासम्म कार्यपालिकाबाट स्वीकृत भएका निम्न कार्यविधि मापदण्ड निर्देशिकालाई अनुमोदन गरियो।

क) विदुर नगरपालिकाको आन्तरिक रोजगारी प्रवर्द्धन तथा रोजगारी सिर्जना पूर्व विपद् न्यूनिकरण लगायत तत्काल कार्य सम्पादन संचालन कार्यविधि, २०८१

ख) अति विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम, २०८१

ग) सामुदायिक विद्यालयहरुको जग्गा भाडा वा लिजमा दिने कार्यविधि, २०८१

घ) हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

ङ) विदुर नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन कार्यविधि,(पहिलो संशोधन) ,२०८१

च) विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१

छ) प्राइभेट/साझेदारी फर्मको दर्ता,नविकरण,संचालन र नियमन सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०८१

**निर्णय नं.४** प्रदेश समपुरक अनुदान र विशेष अनुदान तर्फ तपसिल अनुसारका आयोजना माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**क) समपुरक योजना**

१. अजिङ्गरेवाट वडा कार्यालय जाने सडक स्तरोन्नती, विदुर-१३

२. चनौटे चौलाने गहते साँहुगाउ सडक, विदुर-७

३. नँयापुल गौरीवेशी चारघरे कठेरी भट्ट गाँउ हुँदै भदुवार तार्केश्वर वडा नं.६जोड्ने सडक, विदुर-१२

**ख) विशेष अनुदानको योजना**

१. हावाघर खोल्सी पहिरो नियन्त्रण, विदुर-४

२. ढुङ्गेनीटार हात्तिगौडा गाँउ टोल हात्तिगौडा जोड्ने सडक, विदुर-६,१२

**निर्णय नं. ५** नगरपालिकाको प्रशासकीय भवनको अन्तिम बील भुक्तानीको लागि निर्माण कम्पनी रेलिगेर न्यू टेक जे. भी ले २०८१।११।२ मा अन्तिम विल भुक्तानीको लागि नापजाँच गरी दिनको लागि अनुरोध गरी पत्र नगरपालिकामा पेश भएकोमा निर्माण व्यवसायीको तर्फबाट मिति २०८१।१२।२६ मा मात्र बिल अफ क्वान्टिटीको आईटमहरु रुजू गरी फाईनल विल नगरपालिकामा पेश हुन आएको अवस्था छ।विदुर नगरपालिकाले नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि २०८१ साल पौष मसान्तसम्म म्याद थप गरेको थियो।म्यादभित्र निर्माण कार्य सम्पन्न नहुने भएमा निर्माण व्यवसायीले आवश्यक कागजातसमेत संलग्न गरी कार्यालयमा म्याद सकिन २१ दिन अगावै निवेदन दिनुपर्ने सार्वजनिक खरिद कानूनमा म्याद थप सम्बन्धी प्रावधान रहेको छ।निर्माण व्यवसायीको तर्फबाट म्याद थपको अनुरोध नभएको र म्यादभित्र निर्माण कार्य सम्पन्न नभएको प्राविधिक प्रतिवेदनबाट जानकारी प्राप्त हुन आएको अवस्थामा अन्तिम विल भुक्तानीको लागि निर्माण व्यवसायीले २०८१ फागुन २ गतेमात्र म्याद सकिएको ३२ दिनपछि मात्रै कार्यालयमा अनुरोध गरेको पत्र प्राप्त हुन आएकोले ३१ दिनको सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२१ बमोजिम सम्झौता रकमको दैनिक ०।०५ प्रतिशतका दरले हुने आउने रकम पूर्व निर्धारित क्षतिपूर्ति लिई भवन निर्माणको क्रममा निर्माण व्यवसायीले प्रयोग गरेको नगरपालिकाको नाममा रहेको पानी र विजुलीको बिल बमोजिमको

रकम समेत अन्तिम विल भुक्तानी दिंदा कट्टी गरेर मात्र भुक्तानी दिने भुक्तानी दिंदा कट्टी भएको रकमको निर्माण व्यवसायीलाई पत्रबाट जानकारी गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.६ वेलकोटगढी नगरपालिका वडा नं ८ र विदुर नगरपालिकाको वडा नं. ५ र ३ जोड्ने त्रिशुली नदी र तादी खोलाको संगमस्थलमा तीनमुखे झोलुङ्गे पुल आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि आयोजना बैंकमा प्रविष्टी गरी बजेट विनियोजन गर्न सम्बन्धित आयोजना कार्यालय र भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबारमा माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.७ विविध**

**क) बेरुजु नियमित गर्न सम्बन्धमा ।**

आर्थिक वर्ष देखि सम्मका निम्न दफाका बेरुजुहरु बेरुजु फछ्यौट समितिबाट सिफारिस भई आएको र उक्त बेहोरा मनासिव देखिएकोले सिफारिस भए बमोजिम नै फछ्यौट गर्ने निर्णय गरी महालेखा परिक्षकको कार्यालयलाई बेरुजु लगत कट्टा गर्न अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**ख) केरा पकेट क्षेत्र घोषणा सम्बन्धमा ।**

विदुर नगरपालिका वडा नं. ९ को भूगोल केरा उत्पादनको लागि संभाव्य क्षेत्र रहेको केरा पकेट क्षेत्र घोषणा गर्न अनुरोध भई आएको र कृषि विकास शाखाबाट उक्त स्थान उपयुक्त रहेको छ भन्ने सिफारिस भई आएकोले माग बमोजिम केरा पकेट क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयन गर्न विदुर स्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**ग) त्रिशूली अस्पतालको माग संवोधन सम्बन्धमा।**

त्रिशुली अस्पतालले PCL LEVEL NURSING को शैक्षिक कार्यक्रम सञ्चालन गर्न भवनको आवश्यकता रहेकोले सो को व्यवस्थापन गर्न माग गरी च.न.१३२९ मिति २०८१/१२/२७ को पत्रबाट लेखी आएकोले सो सम्बन्धमा संभाव्यता अध्ययन गर्न विदुर नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री रविन्द्र नेपाल ज्यूको संयोजकत्वमा तपसिलमा उल्लिखित सदस्य रहेको एक अध्ययन टोली गठन गरी एक महिनाभित्र प्रतिवेदन पेश गर्ने र सदस्य सचिवको जिम्मेवारी शिक्षा शाखा अधिकृतलाई दिने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| | |
|---|---|
| संयोजक- | श्री रविन्द्र नेपाल (वडा अध्यक्ष -७) |
| सदस्य – | श्री हरिराम भण्डारी (वडा अध्यक्ष -९) |
| सदस्य- | श्री निलम बाबु ढुङ्गेल (वडा अध्यक्ष -४) |
| सदस्य- | श्री हरि प्रसाद प्याकुरेल (अधिकृत सातौं) |
| सदस्य- | श्री रामराजा भण्डारी (जनस्वास्थ्य निरिक्षक) |
| सदस्य सचिव- | श्री नवराज सापकोटा (अधिकृत सातौं) |

**घ) सार्वजनिक क्षेत्र सम्बन्धी मापदण्ड तयार गर्ने सम्बन्धमा।**

भूमि सम्बन्धी समस्या समाधान गर्न जिल्ला भूमि समस्या समाधान आयोगबाट माग भए बमोजिमको मापदण्ड नगरपालिकामा तयार नभई सकेको हुँदा उक्त मापदण्ड तयार गर्न तपसिल बमोजिमको विदुर नगरपालिका वडा नं.८ का अध्यक्ष श्री कमल श्रेष्ठ ज्यूको संयोजकत्वमा तपसिलमा उल्लिखित सदस्य रहेको एक अध्ययन टोली गठन गरी विधायन समितिलाई बुझाउन १५ दिनको समय दिई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| | |
|---|---|
| सदस्य- | श्री लिलानाथ न्यौपाने (वडा अध्यक्ष -५) |
| सदस्य- | श्री श्यामकृष्ण चालिसे (वडा अध्यक्ष -६) |
| सदस्य सचिव- | श्री हरि प्रसाद प्याकुरेल (अधिकृत सातौं) |

ङ) जालपा बालुवा खानीको अनुमति सम्बन्धमा।

नगर कार्यपालिकाको मिति २०८१।१२।१३ को बैठकको निर्णय अनुसार खानी स्थलको अनुगमन गरी खानी सञ्चालन पूर्व गर्नुपर्ने तयारी पुरा गरे नगरेको अनुगमन गर्न ई. उत्तम शाहको नेतृत्वमा एक अनुगमन टोली गठन गरेको र सो टोलीले वैकल्पिक बाटो र तत्काल उत्खनन गर्ने क्षेत्रमा घेराबार लगाउनु पर्ने प्रतिवेदन दिएको र खानी सञ्चालकले घेराबार लगाएको र वैकल्पिक बाटो निर्माण गरेको निवेदन पेश गरेको र वडा नं. ३ को कार्यालयले समेत उक्तव्यहोरालाई पुष्टि हुने गरी मिति २०८१।१२।२७ मा सिफारिस गरेकोले प्रचलित कानून अनुसारको रोयल्टी लगायतका दस्तुर लिई अनुमती दिने सर्वसम्मत निर्णय गरियो।

च) बालुवा खानीको कर सम्बन्धमा ।

मिति २०८१ चैत्र १३ गतेको विदुर नगरपालिका नगरकार्यपालिकाको बैठकले जालपा बालुवा खानी संचालन अनुमती सम्बन्धमा उत्खनन् कर प्रति घन फिट रु ७।– लिने भनी निर्णय गरेकोमा खानी उत्खनन् लाई संघको एकल अधिकारको सूचिमा समावेश गरेको र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१ मा रोयल्टीको बारेमा उल्लेख भएको र ऐ.नियमावलीको नियम २२ मा स्थानीय विकास शुल्कको बारेमा मात्र उल्लेख भएको, प्रदेश आर्थिक ऐनमा खानी उत्खनन् को कुनै कर नतोकिएको र विदुर नगरपालिकाको आर्थिक ऐन, २०८१/०८२ मा पनि खानीको उत्खनन् कर नतोकिएकोले उक्त निर्णयका सम्बन्धमा खानीबाट उत्खनन् भएको बालुवा क्रसर/फिरफिरे/वासिङ बाट प्रशोधन पश्चात निकासी गर्दा प्रदेश कानूनले तोकेको दरमा राजश्व लिने र खानीबाट उत्खनन् भएको माटो सहितको अप्रशोधिक बालुवाको राजश्व परामर्श समितिको मिति २०८१।१२।२५ को बैठकको निर्णय अनुसार तपसिलको दरमा राजश्व लिने सर्वसम्मत निर्णय गरियो ।

१.नगरभित्रको वासिङ/फिरफिरे लाँदा - ५० पैसा प्रति क्यु.फि.

२.नगरपालिका बाहिरका वासिङ/फिरफिरेमा लाँदा – रु. ३.५० प्रति क्यु.फि.

३.अप्रशोधित बालुवा वासिङ/फिरफिरे नलगि सिधैं कोही कसैले प्रयोग गर्न लगेमा प्रदेश कानून अनुसारको दहत्तर बहत्तर शुल्क संकलन गर्ने ।

छ) मेलमिलापकर्ताको ड्रेस सम्बन्धमा ।

आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. १ देखि १३ सम्मका सूचिकृत मेलमिलाप कार्यकर्तालाई एकै किसिमको ड्रेस उपलब्ध गराउने निर्णय गरियो ।

ज) तरकारी संकलन केन्द्र माग सम्बन्धमा ।

विदुर नगरपालिका वडा नं. १ को लागि वागमती प्रदेश सरकारसंग तरकारी संकलन केन्द्र माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

झ) तरकारी संकलन केन्द्र निर्माण सम्बन्धमा ।

विदुर नगरपालिका वडा नं. ४ हावाघरमा निर्माण गर्ने भनी निर्णय भएको तरकारी संकलन केन्द्र विदुर नगरपालिका वडा नं. २ बट्टार राम-मन्दिर पछाडि निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

बैठक संख्या: १०९ (एक सय नौं)
समय: दिनको २:०० बजे

आज मिति २०८२ बैशाख ३१ गते बुधवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |